जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० | अंक २४९ | २०७८ साल बैशाख २४ गते शुक्रबार (7 May 2021 Friday) | मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- अनुसन्धान वा अभियोजन अधिकारीले निर्दोष व्यक्तिलाई फसाउने वा वास्तविक कसूरदारलाई जोगाने मनसायले बदनियतपूर्वक अनुसन्धान वा अभियोजन गर्नेलाई छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- झुठ्ठा प्रमाण बनाउनेलाई पाँचवर्षसम्म कैद र पचार हजार रुपैयाँसम्म जरिवाना हुने,
- कसूरदारलाई आश्रय दिनेलाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिवाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : देशभरका सडकमा एकै... ३ पृष्ठमा : कोभिड नियन्त्रणका लागि... ३ पृष्ठमा : भारतमा एकै दिन झण्डै चार...

# सप्तरीको शहरी क्षेत्रहरुमा शनिबार राती १२ बजेदेखी निषेधाज्ञा

आज मिति २०७८।०१।२३ गते प्रमुख जिल्ला अधिकारी फणिन्द्रमणी पोखरेलको अध्यक्षता एवं तपशिल बमोजिमको उपस्थितिमा जिल्ला जिल्ला संकट व्यवस्थापन केन्द्रको बैठक बसी निम्नानुसार निर्णय गरियो-

**बिषेश आमन्त्रित:**

| | | |
|---|---|---|
| १. प्रभाकर यादब | जि.स.स प्रमुख | जिल्ला समन्वय समिति सप्तरी |
| २. शम्भु प्रसाद यादब | नगर प्रमुख | राजबिराज नगरपालिका |

**उपस्थिति**

| | |
|---|---|
| १. प्र.जि.अ. श्री फणिन्द्रमणि पोखरेल | -अध्यक्ष |
| २. प्रमुख सेनानी श्री निरज भण्डारी | -सदस्य |
| ३. प्रहरी उपरीक्षक श्री राजेन्द्र प्रसाद धमला | - सदस्य |
| ४. स.प्र.उ. श्री राजु श्रेष्ठ | - सदस्य |
| ५. उप. अ.नि. श्री नरेश बहादुर शाह | - सदस्य |
| ६. नि.प्र.मे.सु. रंजिव कुमार झा | -सदस्य |
| ७. नि.प्र.स्वा. का. श्री दुनियालाल यादब | - सदस्य |
| ८. स.प्र.जि.अ. नाथु साह | - सदस्य सचिव |

**आमन्त्रित**

| | |
|---|---|
| १. अजय कुमार कर्ण | प्रमुख खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, सप्तरी |
| २. निरंजन प्रसाद यादब | स्वास्थ्य संयोजक , राजबिराज नगरपालिका |
| ३. दिलिप कुमार साह | इन्जिनियर जि.स.स. |

**निर्णय: १**
कोभिड-१९ को संक्रमण बढ्दो अवस्थामा भएको हुदाँ संक्रमण नियन्त्रणको लागि मिति २०७८।०१।२२ गते देखि भाडाका सवारी साधन बन्द गरिएकोमा उक्त बन्द कार्यक्रम अर्को आदेश नभए सम्म कायम राख्ने ।

**निर्णय: २**
स्वास्थ्य कार्यालयले Contract Tracing Team तयार गरी जिल्लामा संक्रमित व्यक्तिहरुको पहिचान गरी Contract Tracing गर्ने व्यवस्था मिलाउने । स्वाब संकलन गर्ने स्थानीयहरुमा तालिम प्राप्त जनशक्ति तयार पार्ने र परिचालन गरी स्वाब संकलन गर्ने व्यवस्था स्वास्थ्य कार्यालयले र स्थानीय तहले मिलाउने ।

**निर्णय: ३**
प्रत्येक स्थानीय तहले आ-आफ्नो क्षेत्रमा कम्तिमा २० बेडको Isolation केन्द्र ७ दिन भित्र तयार गर्ने र त्यसमा सम्बन्धित स्थानीय तहले गजेन्द्र नारायण सिंह अस्पतालसँग समन्वय गरेर Telemedicine को व्यवस्था गर्ने ।

**निर्णय: ४**
राजबिराजमा रहेको निजी अस्पताल युनिक र छिन्नमस्ताले ५ दिन भित्र कोभिड-१९ संक्रमित व्यक्तिहरुको उपचारको लागि Isolation केन्द्र संचालन गर्ने व्यवस्था मिलाउने । यसको लागि जनशक्ति लगायतका पूर्वाधार व्यवस्थापन सम्बन्धि अस्पतालले मिलाई उपचार खर्च र भुक्तानीका लागि नेपाल सरकारले तोकेको मापदण्ड अनुसार सम्बन्धित अस्पतालले माग गर्ने ।

**निर्णय: ५**
गजेन्द्र नारायण सिंह अस्पताल भित्र संचालनमा रहेको स्वाब संकलन केन्द्रलाई साईकृष्णा अस्पताल हाताभित्र संचालन गर्ने व्यवस्था मिलाउने ।

**निर्णय: ६**
जिल्लामा कोभिड संक्रमण दिनानुदिन बढ्दै गएकोले यस जिल्लाका शहरी क्षेत्र राजबिराज बजार, फत्तेपुर बजार, कंचनपुर बजार, बरमझिया बजार, भारदह बजार हनुमाननगर बजार, रुपनी बजार, कठौना बजार, कल्याणपुर बजार, पातो बजार, तोपा बजार, महुली बजार, बिरेन्द्र बजार खरचुहिया बजार, बिषणुपुर बजार, छिन्नमस्ता, जिरीया हटिया (तिलाठी कोइलाडी), मंसापुर, पत्थरगाडा र बोदेबरसाईन लगायत जिल्लामा संचालित सम्पूर्ण हटियाहरुमा मानिस तथा सवारी साधन आवत जावत गर्ने नपाउने गरी मिति २०७८।०१।२५ गते राति १२:०० बजे देखि अर्को निर्णय नभएसम्म निषेधित क्षेत्र घोषणा गर्ने । उक्त अवधि भित्र अत्यावश्यक सेवामा संचालन हुने सवारी साधन ढुवानी कार्यमा प्रयोग हुने निर्माण कार्यमा प्रयोग हुने ढुवानी साधन प्रयोग गर्न पाइने छ ।

**निर्णय: ७**
जिल्लामा संचालित एम्बुलेन्सलाई यस संकटको अवस्थामा नियमित तथा सहजरुपमा संचालन गर्न सम्बन्धित एम्बुलेन्स व्यवसायीलाई अनुरोध गर्ने तथा एम्बुलेन्सको दुरुपयोग भए, बढी रकम लिए वा बिरामीलाई अस्पताल पुर्याउन नमानेमा सम्बन्धित एम्बुलेन्स धनी र एम्बुलेन्लाई प्रचलित कानून अनुसार कारवाही गर्ने ।

**निर्णय: ८**
कुनै स्थानीय तहको कुनै स्थान वा घरमा रहेका सामुहिक वा एक व्यक्तिलाई संक्रमण भएमा सो को जानकारी जिल्ला स्वास्थ्य कार्यालयले सम्बन्धित स्थानीय तहलाई दिई स्थानीय तहले आफ्नो स्वास्थ्य कार्यालय र स्थानीय प्रहरीको समन्वयमा सम्बन्धित स्थान वा घर सिल गर्ने व्यवस्था मिलाउने ।

**निर्णय: ९**
कोभिड-१९ को संक्रमण व्यवस्थापन गर्न नेपाल सरकार द्वारा निर्धारित मापदण्ड र क्वाइरेन्टाइन तथा आइशोलेशन व्यवस्थापन भए नभएको अनुगमण गर्न सबै स्थानीय तहको उप- प्रमुखहरुको संयोजकत्वमा २०७८।०१।२१ गते गठित अनुगमन समितिलाई अनुमोदन गर्ने ।

**निर्णय: १०**
गृह मन्त्रालयको मिति २०७८।०१।१८, २०७८।०१।१९ र मिति २०७८।०१।२० को पत्र सम्बन्धमा छलफल गरियो र सोको कार्यान्वयन गर्ने, गराउने निर्णय गरियो ।

**निर्णय: ११**
अस्पताल क्षेत्रमा भिडभाड कम गर्न आकस्मिक सेवाका बाहेक अन्य सेवा बन्द गर्न गजेन्द्र नारायण सिंह अस्पताललाई अनुरोध गर्ने ।

**निर्णय: १२**
गजेन्द्र नारायण सिंह अस्पताल लगायत सरकारी अस्पतालमा कार्यरत डाक्टर लगायत स्वास्थ्यकर्मी संक्रमित हुन सक्ने अवस्थालाई मध्यनजर गरी वहाहरुले क्लिनिकमा उपलब्ध गराउदै आएको सेवा बन्द गरी अस्पतालमा मात्रै सेवा प्रदान गर्ने । अन्य प्राइभेट क्लिनिकहरुमा भिड-भाड बढी देखिएको हुँदा सम्बन्धित क्लिनिक संचालकलाई Health Protocal पालन गर्न अनुरोध गर्ने ।

**निर्णय: १३**
साईकृष्णा अस्पतालमा रहेको आइशोलेशन केन्द्रमा खानेपानी तथा सरसफाइ सम्बन्धी गर्नुपर्ने आवश्यक कार्य तथा सामाग्रीको व्यवस्थापनको लागि खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, राजबिराजलाई अनुरोध गर्ने ।

**दैनिक समाचारदाता**
**राजविराज, २३ बैशाख ।**

सप्तरी जिल्लामा कोभिड १९ को संक्रमण दिनानुदिन बढ्दै गएकोले जिल्लाका शहरी क्षेत्रहरुमा बैशाख २५ गते राती १२ बजेदेखी निषेधाज्ञा लगाइने निर्णय भएको छ ।

जिल्ला संकट व्यवस्थापन केन्द्रको बिहीबार सम्पन्न बैठकले अर्को आदेश जारी नभएसम्मका लागि निषेधाज्ञा जारि रहने निर्णय गरिएको हो ।

प्रमुख जिल्ला अधिकारी फणिन्द्रमणी पोखरेलको अध्यक्षतामा बसेको बैठकले जिल्लाको राजविराज, फत्तेपुर, कंचनपुर, बरमझिया, भारदह, हनुमाननगर, रुपनी, कठौना, कल्याणपुर, पातो, तोपा, महुली, बिरेन्द्र बजार, खरचुहिया, विष्णुपुर, छिन्नमस्ता, जिरिया हटिया, मंसापुर, पत्थरगाडा र बोदेबरसाइन लगायतका बजारहरुमा निषेधाज्ञा जारि गरिएको जनाइएको छ ।

यस्तै बैठकले सरकारी अस्पतालमा कार्यरत चिकित्सकलाई निजी क्लिनिक बन्द गरेर अस्पतालमै सेवा दिन भनिएको छ भने निजी क्लिनिक सञ्चालन गर्ने अन्य चिकित्सकलाई पनि भीडभाड नगरी सञ्चालन गर्न बैठकले भनेको छ ।

जिल्लामा रहेको यूनिक र छिन्नमस्ता अस्पताललाई ५ दिनभित्र कोरोना संक्रमितको उपचारको व्यवस्था मिलाउन बैठकले भनेको छ भने प्रत्येक स्थानीय तहलाई कम्तीमा २० बेडको आइसोलेसन सञ्चालन गर्न निर्णय गरिएको छ ।

यस्तै, कन्ट्याक्ट ट्रेसिङ्ग र परीक्षण जिल्ला स्वास्थ्य कार्यालय र स्थानीय तहले समन्वय गर्ने गरी गर्ने र कुनै स्थानीय तहमा संक्रमण देखिए त्यसलाई सिल गर्न स्थानीय तह र प्रहरीलाई जिम्मेवारी दिइएको छ ।

# सप्तरीमा संक्रमितको संख्या २ सय ६४

## ६१ जनाको परिक्षण गर्दा ३८ जना संक्रमित

**दैनिक समाचारदाता**
**राजविराज, २३ बैशाख ।**

सप्तरीमा बिहीबार ३७ जनामा कोरोना संक्रमणको पुष्टि भएको छ । राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालको प्रयोगशालामा ६१ जनाको पिसिआर परिक्षण गर्दा सिरहा भगवानपुर २ निवासी एक ५० वर्षिय पुरुषसहित ३८ जनामा संक्रमण पुष्टि भएको हो । योसँगै जिल्लामा संक्रमितको संख्या २ सय ६४ पुगेको छ ।

बिहीबार संक्रमित हुनेहरुमा सबैभन्दा बढी राजविराज नगरपालिकाका विभिन्न वडाका बासिन्दा रहेको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ । जसमध्ये राजविराज वडा नं. २ का २४ वर्षीय पुरुष र ४४ वर्षीया महिला, ३ की २५ वर्षीया महिला, ४ का २९ वर्षीय पुरुष, ६ का ४७, ५१ , ५५ वर्षीय पुरुष, ७२ वर्षीया महिला, वडा नं ७ का ५९ वर्षीय पुरुष र ४० वर्षीया महिला, ८ का २५र २६ वर्षीय पुरुष, ९ का १७ वर्षीय पुरुष र ४० वर्षीया महिला, १० की ४६ वर्षीया महिला, १२ का २४ र २९ वर्षीय पुरुष, १३ की ६० वर्षीया महिला र १६ का ३५ वर्षीय पुरुष संक्रमित भएका छन् ।

यस्तै जिल्लाको सुरुङ्गा नगरपालिका वडा नं. १ का ४० र ४८ वर्षीय पुरुष, ८० वर्षीया महिला, बोदेबरसाइन नगरपालिका वडा नं. ३ का ३६ वर्षीय पुरुष, खडक नगरपालिका ३ की ३० वर्षीया महिला, शम्भुनाथ नगरपालिका वडा नं. ८ का २९ वर्षीय पुरुष, छिन्नमस्ता गाउँपालिका ५ का २३ र ४९ वर्षीय पुरुषमा संक्रमण पुष्टि भएको छ ।

यसैगरि हनुमाननगर कंकालिनी नगरपालिका ३ का ६३ वर्षीय पुरुष, ४ की २९ वर्षीया महिला, राजगढ गाउँपालिका वडा नं. ९ का ५ का ५५ वर्षीय पुरुष, ६ की २२ वर्षीया महिला, ८ का ६० वर्षीय पुरुष, महादेव गाउँपालिका ५ का २७ वर्षीय पुरुष, तिलाठी कोइलाडी गाउँपालिका ४ का ३५, ५२ वर्षीय पुरुष, विष्णुपुर गाउँपालिका ७ का ४६ वर्षीय पुरुष र रुपनी गाउँपालिका १ की ५५ वर्षीया महिला संक्रमित भएकी छिन् ।

# ९ हजार ७० जनामा संक्रमण पुष्टि

**दैनिक समाचारदाता**
**राजविराज, २३ बैशाख ।**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले २० हजार ३६७ पीसीआर परीक्षणमा ८९७० र ७७५ एन्टिजेन परीक्षणमा १०० जना गरी ९ हजार ७० जनामा संक्रमण पुष्टि भएको जनाएको छ ।

पछिल्लो २४ घण्टामा कोरोना भाइरस संक्रमणका कारण ५४ जनाको मृत्यु भएको तथा २७०७ जना संक्रमणमुक्त भएको बिहीबार जानकारी दिएको छ ।

बिहीबारसम्म कोरोना भाइरसका सक्रिय संक्रमितको संख्या ७२ हजार ५६१ रहेकोमा ६७ हजार २४६ जना होम आइसोलेसनमा र ५३१५ जना संस्थागत आइसोलेसनमा रहेका छन् । त्यस्तै ६५२ जनाको आईसीयूमा र २०१ जनाको भेन्टिलेटरमा उपचार भइरहेको मन्त्रालयले जनाएको छ ।

सबैभन्दा बढी काठमाडौँमा ३ हजार १६३, रुपन्देहीमा १ हजार ६९, ललितपुरमा ५६७, बाँकेमा ३९८, कास्कीमा ३७५, मोरङमा २५५ जना कोरोना संक्रमित थपिएका छन् ।

यस्तै दाङमा २४६, भक्तपुरमा २४२, सुर्खेत २०६, नवलपरासी पश्चिममा १६०, झापामा १५३, धनुषामा १४०, सुनसरी १३३, मकवानपुरमा १२६, कैलालीमा ११५, पर्सामा १०४, चितवन र पाल्पामा ८६/ ८६ जनामा कोरोना संक्रमण थपिएका छन् ।

धादिङमा ८३, गोरखामा ७४, अर्घाखाँचीमा ७३, अछाम ५९, महोत्तरीमा ५५, काभ्रेपलाञ्चोकमा ५२, कपिलवस्तु ५०, नुवाकोट र डडेल्धुरामा ४९/४९ जना, रसुवा र तनहुँमा ४४/४४ जना, बारा र दैलेखमा ४३/४३ जना, बर्दियामा ४२/४२ जना, सिरहामा ४०/४० जनामा कोरोना संक्रमण पुष्टि भएको मन्त्रालयले जनाएको छ ।

यसैगरी रौतहटमा ३९, दोलखामा ३६, लम्जुङ ३४, म्याग्दीमा ३२, डोटीमा ३१, बैतडीमा ३०, सर्लाहीमा २८, सप्तरी र स्याङ्जामा २४/२४ जना, कञ्चनपुरमा २२, गुल्मीमा १९, संखुवासभामा १८, रामेछापमा १६, इलाममा १४, पर्वतमा १३, बागलुङमा १२, प्युठानमा ११, रोल्पा र जुम्लामा १०/१० जना

*बाँकी अन्तिम पृष्ठमा*




तिरहुत गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी

## सम्पादकीय

### महामारीबाट बच्न आफै सतर्क रहौं

सिङ्गो देशै अहिले कोरोना महामारीको उच्च जोखिममा रहेको छ। प्रत्येक दिन हजारौंको संख्यामा कोरोना संक्रमितहरु भेटिन थालिएको छ। यस्तो अवस्थामा देशका सम्पूर्ण अस्पतालहरु बिरामीको उपचारका लागि अपुग भएको छ। मुलुकका सरकारी तथा निजि अस्पतालहरुमा कोरोना संक्रमितहरु भरिएका छन्। जसकारण उनीहरुले राम्रो उपचार सेवा पाउन सकिरहेका छैनन्। कतिपय संक्रमितहरुको घरमै बसेर उपचार भइरहेको छ।

कोरोना संक्रमितको उपचारका लागि आवश्यक उपकरण तथा सामाग्रि पनि उपलब्ध नहुनुले उपचारमा समस्या आएको हो। माहमारीको समयमा जुनसुकै मुलुकमा पनि उपचारमा समस्या आउने गरेको छ। भारतमा त महामारीले विकराल रुप लिएको छ। दैनिक लाखौं मानिसहरु संक्रमित भइरहेका छन् भने हजारौं ज्यान समेत गुमाइरहेका छन्। महामारी नियन्त्रणका लागि सरकारले सक्दो प्रयास गर्दा गर्दै पनि सम्भव भएको देखिन्न्।

तसर्थ कोरोनाको यस विकराल अवस्थामा मानिसहरु सरकारले तोकेको स्वास्थ्य मापदण्डको पालना गर्नु अति आवश्यक रहेको छ भने यसबाट बच्न आफै सतर्क रहनुको हालसम्म कुनै विकल्प छैन्।

# देशभरका सडकमा एकै मापदण्डः कार्यान्वयनमा कठिनाइ

काठमाडौँ, २३ वैशाख (रासस)।

सरकारले राष्ट्रिय राजमार्गको चौडाइ आवश्यकताका आधारमा नभएर सबै ठाउँमा एकनास बनाउँदा कार्यान्वयन गराउन कठिन भएको छ। सडक ऐन, २०३१ का आधारमा नै अहिलेसम्म सडक चौडाइ निर्धारण भइरहेको छ।

त्यसका आधारमा नियमावली बन्न नसकेका कारण सबैतिर एउटै मापदण्ड लागु भइरहेको सडक विभागले जनाएको छ। कुनै पनि सडक कत्तिको महत्वपूर्ण छ हेरेर र त्यसको भविष्यसम्मको आवश्यकता हेरेर चौडाइ निर्धारण गर्दा कार्यान्वयन गर्न सजिलो हुने विभागका प्रवक्ता शिवप्रसाद नेपालले बताउनुभयो। उहाँका अनुसार राष्ट्रिय राजमार्गका लागि कति जग्गा लिने र भविष्यसम्मका लागि कति आवश्यक छ भनी विचार गरेर योजना बनाउनुपर्छ। राष्ट्रिय अर्थतन्त्रको केन्द्र कहाँ बन्दैछ वा कुन करिडोर बन्दैछ भन्ने हेरेर योजना बनाउँदा सजिलो हुने उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "सरकार आफैँले कहाँ केन्द्र बनाउने निर्धारण गरेर सडकको अधिकार क्षेत्र तोक्नुपर्छ।"

देशको पूर्वपश्चिम जोड्ने पहिलो महेन्द्र राजमार्गको चौडाइ पहिले नै ३१ मिटर तोकिएको थियो। ऐन बन्नुभन्दा पहिलेका राष्ट्रिय राजमार्गमा ३१ मिटरसम्म स्वतः सडकका नाममा जग्गा कायम हुने व्यवस्था थियो। सडक निर्माण गर्दा भविष्यको आवश्यकतासम्म विचार गर्दा काम गर्न सजिलो हुने प्रवक्ता नेपालले बताउनुभयो। अग्रजले त्यतिबेलाको आवश्यकता नभएर भविष्यलाई समेत विचार गरेको पाइएको छ। उहाँले भन्नुभयो, "त्यही कारणले अहिले पनि पूर्वपश्चिम राजमार्ग चौडा गर्दा बढाउन सकिएको छ।"

अहिले निर्माण भइरहेका राजमार्गमा सडकको अधिकार क्षेत्र (राइट अफ वे) नतोक्ने वा तोक्न अनकनाउँदा भविष्यमा अझै समस्या आउन सक्ने देखिएको प्रवक्ता नेपालले बताउनुभयो। यी सडकको भविष्यमा विस्तार र स्तरोन्नति गर्न झन् समस्या हुनेछ। अहिले निर्माणाधीन कतिपय राजमार्ग नौदेखि ११ मिटर चौडाइ कायम गर्न पनि कठिन भएको छ।


नेपालमा एकातिर सवारी साधन चाप बढी भएका सडकमा ५० मिटर चौडाइ केही वर्षमा नै अपर्याप्त हुने देखिन थालेको छ। अधिकांश सडकमा चौडाइभन्दा चारपाँच गुणा कम चौडाइमा कालोपत्र भइरहेको छ। छिमेकी देशमा १२/१४ लेनका सडक १२० मिटरसम्म चौडा बनाइएको र अझै आवश्यक हुँदा लेन थप्न मिल्ने गरी संरचना बनाइएको प्रवक्ता नेपालले बताउनुभयो। नेपालमा अहिले भर्खर जति चौडाइको सडक छ त्यसमा भविष्यमा विस्तारका लागि जग्गा उपलब्ध हुने अवस्था छैन। त्यसमा एकदुई लेन थप्नसमेत पूरै सडक भत्काउनुपर्ने अवस्था छ। उहाँले भन्नुभयो, "त्यसैले पनि हामीले राजमार्ग विस्तार गर्दा मर्मत अवधिमा निकै सास्ती भोग्नु परिरहेको छ।"

सरकारले वैज्ञानिक मुआब्जा प्रणाली लागु गरेरै जग्गा नलिँदासम्म कम चौडाइमै सडक निर्माण गर्नुपर्ने बाध्यता रहने विभागले जनाएको छ। जिल्ला प्रशासन कार्यालयमा मुआब्जा निर्धारणका लागि बनाइएको समितिले मात्रै यो समस्याको स्याथी रूपमा समाधान गर्न नसक्ने प्रवक्ता नेपालले बताउनुभयो। राष्ट्रिय नीति बनाएर वैज्ञानिक रूपमा जग्गाको मूल्य निर्धारण गर्दा स्थानीयवासीलाई पनि मर्का नपर्ने गरी सडक निर्माण गर्न सकिन्छ। उहाँले भन्नुभयो, "उपयुक्त मुआब्जा दिने एउटा प्रणाली बनाएर काम गर्दा कम मूल्यको जग्गामा बढी निर्धारण भयो भन्ने आरोप पनि लाग्दैन।"

सडकको मापदण्डका विषयमा प्रष्ट योजना बन्न नसक्दा अहिले पनि कम चौडाइमा कालोपत्र गर्न परिरहेको र भविष्यमा केही गरौं भनेर पनि गर्न नसकिने अवस्था रहेको प्रवक्ता नेपालले बताउनुभयो। सरकारले एउटै सडक चौडा बढाउन नसकेमा त्यसको विकल्प सडक निर्माण बनाउँदा जनतालाई पनि थप सुविधा हुने उहाँको भनाइ छ। अहिले पूर्वपश्चिम राजमार्गसँगै पूर्वदेखि पश्चिमसम्मका जिल्ला जोड्ने गरी थप तीन राजमार्ग निर्माणाधीन छन्। उहाँका अनुसार नयाँ राजमार्ग बनाउँदा सडकको चौडाइ कम भए पनि समस्या कम हुने र अर्को ठाउँमा समानुपातिक विकास हुन्छ।

अहिलेसम्म सङ्घीय सरकारले बनाएका सडकमा जनसङ्ख्याका अनुपमतमा सडकको लम्बाइ बढी नभएको प्रवक्ता नेपालले बताउनुभयो। कतिपय स्थानमा सडक जोडिने भए पनि त्यसले स्थानीयवासीलाई सुविधा दिने देखिएको छ। मदन भण्डारी राजमार्ग र पूर्वपश्चिम राजमार्ग दमकभन्दा पूर्व जोडिने अवस्थामा आएको छ। गैँडाकोटदेखि पाल्पा र स्याङ्जाको सिमाना राम्दीसम्म १३२ किमी मदन भण्डारी र कालीगण्डकी 'ओभरल्याप' हुने अवस्था आएको छ। अहिले कालीगण्डकी करिडोरले सो खण्डमा कालोपत्र गरिरहेको छ। त्यो ठाउँमा नाम दोहोरिए पनि काम दोहोरो नहुने उहाँको भनाइ छ। उहाँले भन्नुभयो, "ठूलो राजमार्ग भएकाले नामकरणमा मदन भण्डारी सडक भए पनि समस्या होइन।"

सडक ऐन २०३१ मा सडकको चौडाइ तोकिएको थियो। त्यसपछि सो ऐनका आधारमा नियमावली बन्न सकेको छैन। नियमावलीमा नबनेकाले अहिलेसम्म ऐन नै लागु भइरहेको छ। नियमावलीमा फरक सडकका लागि फरक किसिमका मापदण्ड तोक्न सकिने भए पनि नियमावली नहुँदा अहिलेसम्म एकै किसिमको मापदण्ड छ। भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा ऐन संशोधनका लागि समेत छलफल भएको थियो।




पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती

Dr. Dinesh Upreti

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

कन्सलटेन्ट फिजिसियन

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan) NMC Reg. No. : 13297

दुखाई विशेषज्ञ

Anaesthesiology & Critical Care Medicine

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

# कोभिड नियन्त्रणका लागि आवश्यक स्वास्थ्य सामग्री ल्याइने

काठमाडौँ, २३ वैशाख (रासस)।
सरकारले कोभिड-१९ को रोकथाम र नियन्त्रणका लागि आवश्यक स्वास्थ्य सामग्री विदेशबाट ल्याउनका लागि पहल गरिरहेको जनाएको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका प्रवक्ता किरणराज आचार्यले विज्ञप्ति जारी गर्दै कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारका लागि नेपालमा उपलब्ध नभएका, तत्काल खरीद गर्नुपर्ने औषधि, स्वास्थ्य सामग्री र उपकरण विदेशबाट खरीद, प्राप्ति र आयात गर्ने सम्बन्धमा परराष्ट्र मन्त्रालयबाट प्राथमिकताका साथ निरन्तर आवश्यक पहल भइरहेको जनाउनुभएको छ।

यस्तै कोभिड-१९ सङ्क्रमितको उपचारका लागि बङ्गलादेशबाट पाँच हजार रेम्डेसिभिरको मात्रा ल्याउने भएको छ। विज्ञप्तिमा ढाकास्थित बेक्सिमको फार्मामार्फत आइएफआइसी र नेपाल बङ्गलादेश बैंकले संक्रमितको उपचारार्थ पाँच हजार रेम्डेसिभिरको मात्रा ल्याउने पहल परराष्ट्र मन्त्रालयबाट गरिएको जनाइएको छ। गत मंगलबार मात्र तीन हजार मात्रा रेम्डेसिभिर नेपाल ल्याइएको थियो ।

यसैगरी प्रवक्ता आचार्यले चीन सरकारले अनुदानस्वरुप नेपाललाई उपलब्ध गराउने पाँच मिलियन (चिनियाँ मुद्रा) स्वास्थ्य सामग्री एवं उपकरण सहायता ल्हासा आइपुगेको जानकारी परराष्ट्र मन्त्रालयमार्फत प्राप्त भएको जानकारी दिनुभयो।

महामारीका रुपमा फैलिएको संक्रमणको रोकथाम तथा नियन्त्रण र उपचार पद्धतिलाई थप सुदृढ एवम प्रभावकारी बनाउन विषम परिस्थितिमा सबैलाई लड्न सक्ने साहस, धैर्य र आत्मबल कायम राख्न समेत आग्रह गरिएको छ। विज्ञप्तिमा अक्सिजन सिलिण्डर छ हजार २८८ रहेको र दैनिक एक हजार ४११.५ लिटर खपत भइरहेको जनाइएको छ।

नेपालमा अहिले ३१ अस्पतालमा आफ्नै अक्सिजन प्लान्ट रहेको र तिनबाट दैनिक दुई हजार ५४९ अक्सिजन सिलिण्डर भर्न सकिने जनाइएको छ। यस्तै तीन अस्पतालमा अक्सिजन भर्न सक्ने ट्याङ्क रहेको छ। मुलुकमा अहिले संक्रमितको उपचारका लागि ४७२ अस्पताल, १९ हजार ८८२ शय्या, एक हजार ७१४ सघन उपचार कक्ष र ६९२ भेन्टिलेटर छन्।

सरकारले कोभिड-१९ को सङ्क्रमण रोक्नका लागि कार्ययोजनासमेत सार्वजनिक गरेको छ। कार्ययोजनामा अस्पतालको क्षमता, बिरामी संख्या, उपचारको प्रकृति, सघन उपचार कक्ष, शय्या, भौगोलिक सन्तुलनका आधारमा मापदण्ड तयार गर्ने, अक्सिजन आपूर्ति गर्ने अक्सिजन उद्योग र अस्पतालबीच सम्बन्ध स्थापना गर्ने, आवश्यकतानुसार अस्पताललाई अक्सिजन उद्योग डेडिकेटेड गर्ने र अक्सिजन उद्योगको अनुगमन गरी पूर्ण क्षमतामा सञ्चालन गर्ने उल्लेख गरिएको छ।

# कैदीबन्दीसँग भेट्न रोक

लहान, २३ वैशाख (रासस)।
कोभिड १९ सङ्क्रमण तिब्र गतिमा फैलिन थालेपछि सिरहा कारागार प्रशासनले कैदी र बन्दीसँगको भेटघाटमा रोक लगाएको छ।

कारागार बाहिरबाट आएका व्यक्तिहरूसँगको भेटघाट र दिने सामाग्रीहरूबाट सङ्क्रमण फैलिन सक्ने भन्दै तत्कालका लागि भेटघाटमा रोक लगाएको कारागार प्रशासनले जनाएको छ।

जिल्लामा दिनप्रतिदिन कोरोना सङ्क्रमण बढ्दै गएकाले भेट्न आउने कैदीबन्दीको आफन्तको माध्यमबाट कारागारभित्र पनि सङ्क्रमण फैलन सक्ने भएकाले तत्काललाई भेटघाटमा रोक लगाइएको काराराार प्रमुख बबिता महतोले जानकारी दिनुभयो।

भेटघाट बन्दसँगै बाहिरबाट ल्याउने कैदीबन्दीलाई समेत भित्र ल्याउन रोक लगाइएको कारागार प्रमुम महतोले बताउनुभयो। बाहिरी जिल्लाबाट गम्भीर प्रकृतिका बिरामी भएको बाहेक अन्य कैदीबन्दी नपठाउन आग्रह गरिएको प्रमुख महतोको भनाइ छ। जिल्ला अदालतबाट ल्याइएका कैदीबन्दीको पनि कोरोना परीक्षणपछि मात्र राख्ने र हरेक नयाँ कैदी बन्दीलाई १५ दिन छुट्टै क्वारेन्टिनमा राख्ने व्यवस्था गरिएको छ।

अघिल्लो कोरोना कालमा सावधानी नअपनाउँदा कारागारका अधिकांश कैदीबन्दीमा सङ्क्रमण फैलिएको थियो। कुल १५ महिला र १३५ पुरुष कैदीबन्दी राख्ने क्षमताको सिरहा कारागारमा हाल २३ महिला सहित ५५५ पुरुष र आश्रित तीन बालबालिका छन्।

# उपचारमा बढी शुल्क लिने निजी अस्पताललाई कारवाही गरिने

काठमाडौँ, २३ वैशाख (रासस)।
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले कोभिड-१९ का सङ्क्रमितको उपचारमा बढी शुल्क लिने निजी अस्पताललाई कारवाही गर्ने भएको छ। मन्त्रालयले सङ्क्रमणको महामारीमा केही निजी अस्पतालले सरकारले तोकेकोभन्दा बढी शुल्क लिने गरेको पाइएकाले त्यस्ता अस्पताललाई कारवाही गर्ने भएको हो।

मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारीले बढी शुल्क लिने अस्पतालका बारेमा मन्त्रालय र स्थानीय प्रशासनमा परेको उजुरीका आधारमा कारवाही गरिने बताउनुभयो। "महामारीको यो सङ्कटमा हामीले एकले अर्कालाई सेवभावले सहयोग गर्नुपर्ने समयमा अनावश्यक दुःख दिने, समस्या बढाउने कार्यप्रति मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ", उहाँले जारी गर्नुभएको विज्ञप्तिमा भनिएको छ, "अनावश्यक बढी शुल्क लिनेलगायतका गैरकानूनी गतिविधि गर्ने जुनसुकै व्यक्ति वा संस्थाउपर यस्ता गतिविधि नगर्न नगराउन हुन सचेत गराइन्छ।"




रुपनी गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी

## विश्व समाचार

### भारतमा एकै दिन झण्डै चार हजारको मृत्यु, चार लाख १२ हजार सङ्क्रमित

नयाँ दिल्ली, २३ वैशाख (रासस/एएनआई)।
कोरोनाभाइरस महामारीका कारण भारतमा पछिल्लो एक दिनमा झण्डै चार हजारको मृत्यु भएको छ। सरकारी अधिकारीहरुले बिहीबार बिहान दिएको जानकारी अनुसार पछिल्लो २४ घण्टामा भारतमा तीन हजार ९८० जनाको मृत्यु भएको हो।

योसँगै भारतमा कोरोनाभाइरसका कारण मृत्यु भएकाहरुको कुल संख्या दुई लाख ३० हजार १६८ पुगेको छ। भारतमा पछिल्लो एक दिनमा कोरोनाभाइरसबाट अहिलेसम्मकै सबैभन्दा धेरै सङ्क्रमित भएको पाइएको छ।

केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले पछिल्लो २४ घण्टामा भारतमा देशभरी गरेर कुल चार लाख १२ हजार २६२ जना सङ्क्रमित भएको जानकारी दिएको छ। एकै दिनमा यति धेरै सङ्क्रमित भएको यो पहिलो पटक भएको सरकारी अधिकारीहरुले जनाएका छन्।

भारतमा कोरोनाभाइरसका कारण अहिलेसम्म कुल दुई करोड १० लाख ७७ हजार ४१० जना सङ्क्रमित भएका छन्।

पछिल्लो २४ घण्टामा भारतमा तीन लाख २९ हजार ११३ जना कोरोनाभाइरसबाट सङ्क्रमणमुक्त भएका छन्। योसँगै भारतमा अहिलेसम्म सङ्क्रमणमुक्त भएकाहरुको कुल सङ्ख्या एक करोड ७२ लाख ८० हजार ८४४ पुगेको छ।

भारतमा अहिले पनि ३५ लाख ६६ हजार ३९८ जना कोरोनाभाइरसबाट सङ्क्रमित भइरहेकै अवस्थामा रहेका छन्।

भारतीय स्वास्थ्य अनुसन्धान परिषद्का अनुसार यही मे ५ तारिखसम्ममा भारतमा २९ करोड ६७ लाख ७५ हजार २०९ कोभिडको नमुना परीक्षण गरिएको छ। ती मध्ये १९ लाख २३ हजार १३१ जनाको बुधवार परीक्षण गरिएको हो।

भारतमा अहिलेसम्म १६ करोड २५ लाख १३ हजार ३३९ मात्राको कोरोनाभाइरसविरुद्धको खोप प्रयोग भएको मन्त्रालयले जनाएको छ।

भारतमा कोरोनाको परीक्षण र खोप अभियान एकातिर चलिरहेको छ भने अर्कोतिर कोरोनाभाइरसबाट सङ्क्रमित भएका र मृत्यु भएकाहरुको सङ्ख्या पनि दिन प्रतिदिन बढ्दो छ।

विश्व स्वास्थ्य संगठनका अनुसार, बिहीबारसम्म विश्वभर कोभिड-१९ को संक्रमणबाट ३२ लाख ५७ हजार व्यक्तिको मृत्यु भइसकेको छ। विश्वभर झण्डै १५ करोड ५९ लाख व्यक्ति कोभिड संक्रमित भएकामध्ये १३ करोड ३३ लाख संक्रमणमुक्त भएका छन्।

कोभिड-१९ को सर्वाधिक असर परेका राष्ट्रहरुमध्ये संयुक्तराज्य अमेरिकामा ५ लाख ९३ हजार, ब्राजिलमा ४ लाख १४ हजार, भारतमा २ लाख ३० हजार, मेक्सिकोमा २ लाख १८ हजार, बेलायतमा १ लाख २७ हजार, इटालीमा १ लाख २२ हजार, रसियामा एक लाख १२ हजार, फ्रान्समा एक लाख पाँच हजारको मृत्यु भएको छ।

### मोरक्कोमा एक महिलाले नौ जना शिशुलाई जन्म दिइन्

बामाको, २३ वैशाख (रासस-एपी)।
अफ्रिकी मुलुक मालीकी एक आमाले मोरक्कोको एक क्लिनिकमा एकै पटक नौ जना शिशुलाई जन्म दिएकी छिन्। मालीका स्वास्थ्य मन्त्री र मोरक्कोको क्लिनिकले नौ जना शिशु जन्मिएको बताएका छन्।

कुनै महिलाले एकै पटक नौ जना शिशुलाई जन्म दिएको सम्भवत यो विश्वकै पहिलो घटना हो। मोरक्कोको क्लिनिकका अनुसार सबै नौ जना शिशुको स्वास्थ्य अवस्था सामान्य छ।

जन्मिएका शिशुहरुमा पाँच बालिका र चार बालक छन्। मालीका स्वास्थ्य मन्त्रीले आमाको स्वास्थ्य पनि सामान्य रहेको जनाएको छ।

पच्चीस वर्षीया आमा हालिमा सिस्सेले मङ्गलबार मोरक्कोको क्लिनिकमा सिजेरियन विधिबाट ती शिशुलाई जन्म दिएकी थिइन्। मालीका स्वास्थ्य अधिकारीहरुले ती आमाको स्वास्थ्यस्थितिलाई विचार गरी माली पठाइएको जनाएका छन्।

जन्मिएका शिशुहरुको तौल ५०० ग्रामदेखि एक किलोग्राम सम्मका रहेको क्लिनिकले जनाएको छ। तीस हप्ताको गर्भपछि यी शिशुहरु अपरिपक्व अवस्थामा जन्मिएका हुन्। धेरै रगत बगेर आमाको स्वास्थ्यमा जोखिम देखिन थालेपछि चिकित्सकहरुले सिजेरियन विधिबाट बच्चा निकालेका थिए।

गिनिस बुक अफ वर्ल्ड रेकर्ड्समा कुनै पनि आमाले ८ जनासम्म जीवित सन्तान जन्माएको पाइएको छ। सन् २००९ मा अमेरिकी आमा नादया सुलेमानले आठ बच्चालाई जन्म दिएकी थिइन्।

### प्रदर्शनका क्रममा कोलम्बियामा ३१ जनाको मृत्यु

बोगोटा, २३ वैशाख (रासस/एएनआई)।
दक्षिण अमेरिकी मुलुक कोलम्बियामा सरकारले अघि सारेको करवृद्धिको विरोधमा भएका प्रदर्शनका क्रममा कम्तीमा ३१ जनाको मृत्यु भएको छ।

प्रदर्शनका क्रममा एक हजार २२० जना घाइते भएका छन् भने अरु ८७ जना बेपत्ता भएको अधिकारीहरुले जानकारी दिएका छन्।

यो विवरण पछिल्लो एक हप्ताको मात्रै भएको इन्स्टीच्युट फर डेभलपमेन्ट एण्ड पिस स्टडीजले जनाएको छ।

मृत्यु भएका मध्ये सबैभन्दा धेरै २४ जना देशको पश्चिमी काली सहरमा मृत्यु भएको सो संस्थाले जानकारी दिएको छ।

कोलम्बियामा ग्यासको मूल्यवृद्धि भएको र कर सम्बन्धी विधेयकमा गलत संशोधन गरिएको भन्दै विरोध प्रदर्शनहरु भइरहेका छन्।

राष्ट्रपति इभान डुक्युले संशोधनका बारेमा पुनर्विचार गर्न सकिने आइतबार बताए पनि आन्दोलन भने जारी नै रहेको छ। आन्दोलन देशव्यापी हुँदै गएको छ।

# प्रदेश नं २ मा ४१७ अस्थायी दरबन्दी थप

सर्लाही, २३ वैशाख (रासस)।

प्रदेश नं २ सरकारले प्रदेशभरका अस्पताल र प्रयोगशालाका लागि ४१७ अस्थायी दरबन्दी थप गरेको छ।

प्रदेश सरकारले विश्वव्यापी महामारीका रूपमा फैलिएको भाइरसको सङ्क्रमणसँग जुध्न प्रदेशभरिका विभिन्न अस्पताल तथा प्रयोगशालाका लागि उक्त अस्थायी दरबन्दी थप गरेको हो। प्रदेशभरका आठै जिल्लामा दरबन्दी थपिएको र सर्लाहीमा ३२ जनाको अस्थायी दरबन्दी थप गरेको जिल्ला जनस्वास्थ्य कार्यालयले जनाएको छ।

प्रदेश सरकारले सर्लाहीका लागि ३२ सहित प्रादेशिक जनस्वास्थ्य प्रयोगशालाका लागि ३३, प्रादेशिक अस्पतालका लागि १७४, सिरहा, जलेश्वर, गौर र कलैया अस्पतालका लागि ३२/३२, लहान अस्पतालका लागि २३ र भारदह तथा पोखरिया अस्पतालका लागि १५/१५ दरबन्दी थप गर्ने निर्णय गरेको प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री तथा कोरोना सङ्क्रमण व्यवस्थापनका लागि सर्लाहीका फोकल पर्सन रामनरेश रायले जानकारी दिनुभयो।

कोरोना सङ्क्रमण न्यूनीकरणका लागि थप गरिएको दरबन्दीमा एनेस्थेसियोलोजिष्टदेखि स्वीपरसम्मको पद रहेको छ। थप गरिएका दरबन्दीमा अस्पतालले आवश्यकताका आधारमा तुरुन्त नियुक्त गर्न सकिने व्यवस्था गरिएको प्रदेश सरकार सामाजिक विकास मन्त्रालयले जनाएको छ।

त्यसैगरी प्रदेश सरकार मन्त्रिपरिषद्को बैठकले कोरोना महामारी न्यूनीकरण गर्न भन्दै प्रदेश सरकारका मन्त्रीलाई फोकल पर्सन बनाउँदै जिल्लाको जिम्मेवारी निर्धारण गरेको छ। सर्लाही र रौतहटका लागि उद्योग पर्यटन, वन तथा वातावरणमन्त्री रायलाई फोकल मन्त्रीको जिम्मेवारी दिने निर्णय गरिएको प्रदेश सरकारले जनाएको छ।

सप्तरीका लागि भूमि व्यवस्था कृषि तथा सहकारीमन्त्री शैलेन्द्र साह, सिरहाका लागि आर्थिक मामिला तथा योजनामन्त्री विजयकुमार यादव, धनुषा र महोत्तरीका लागि आन्तरिक मामिला तथा कानूनमन्त्री ज्ञानेन्द्रकुमार यादव र बारा तथा पर्साका लागि भौतिक पूर्वाधार तथा विकासमन्त्री जितेन्द्र सोनललाई फोकल मन्त्रीको जिम्मेवारी दिने निर्णय गरिएको हो। जिम्मेवारी तोकिएका मन्त्री सम्बन्धित जिल्ला र प्रदेश सरकारबीच कोरोना महामारी नियन्त्रण तथा न्यूनीकरणका लागि निरन्तर खटिने भएका छन्।

# पत्रकार महासंघका सदस्य शर्मालाई पितृ शोक



**दैनिक समाचारदाता**
**राजविराज, २३ बैशाख।**

नेपाल पत्रकार महासंघ शाखा सप्तरीका सदस्य आनन्दमोहन शर्मा (राजु) लाई पितृ शोक परेको छ। उनका पिता दिनेश्वर सुतिहारको २०७८ साल बैशाख २० गते ५६ वर्षको अल्पआयुमै असायमिक निधन भएको हो।

नेपाल पत्रकार महासंघ सप्तरीका सचिव रामनारायण विश्वासद्वारा बिहीबार जारि शोक विज्ञप्तिमा सुतिहारको निधनले महासंघ स्तब्ध भएको जनाइएको छ।

जारि विज्ञप्तिमा दुःखको घडीमा इश्वरले शोक सन्तप्त परिवारमा धैर्यधारणको क्षमता प्रदान गरुन् भनि कामना गरिएको छ।

जिल्लाको हनुमाननगर कंकालिनी नगरपालिका १ भारदह निवासी सुतिहारको श्रीमतीसहित दुई छोरा-बुहारी छन्।

# कोभिड नियन्त्रणमा प्रभावकारी कदम चाल्न कांग्रेसको माग

काठमाडौँ, २३ वैशाख (रासस)।

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले कोभिड-१९ महामारीको दोस्रो लहर तीव्र रूपमा फैलिरहेकाले रोकथाम र नियन्त्रणका लागि प्रभावकारी कदम चाल्न सरकारसँग माग गरेको छ। कांग्रेस केन्द्रीय संगठन विभागले सरकारले रोकथाम र नियन्त्रणमा आवश्यक कदम चाल्नाको साटो विद्यमान स्वास्थ्य प्रणालीले कोराना नियन्त्रण गर्न नसक्ने औपचारिक घोषणा गरेको, सत्तामा केन्द्रित रहेको तथा मूल्यवृद्धि र कालोबजारी गर्ने कार्यलाई रोक्न नसकेको आरोप लगाएको छ।

विभाग प्रमुख गोपालमान श्रेष्ठले बिहीबार विज्ञप्तिमार्फत भारतसँग सीमा जोडिएका सबै नाकामा स्वास्थ्य कक्ष स्थापना गरी सबैको कोरोनाको परीक्षण गर्न, संक्रमण देखिएकालाई आइसोलेशनमा राखी उचित व्यवस्थापन गर्न र सबै स्थानीय तहसँगको समन्वयमा कन्टयाक ट्रेसिङलाई निरन्तरता दिन माग गर्नुभयो।

स्थानीय र प्रदेश तहसँगको समन्वयमा सबै स्थानीय तहमा आवश्यक आधारभूत संरचना, अस्पताल शय्या, सघन उपचार कक्ष शय्या, आइसोलेशन केन्द्र, क्वारेन्टिन र होर्डिङ सेन्टरको व्यवस्थापन, सञ्चालन र अनुगमन गर्न विभागको सुझाव छ। साथै केन्द्र र प्रदेशमा रहेका ठूला अस्पताल, मेडिकल कलेजलाई कोभिड-१९ र साना अस्पताललाई ननकोभिड-१९ अस्पतालका रूपमा विकसित गरी आवश्यक उपचार र जीवनरक्षक औषधिको प्रबन्ध गर्न माग गरिएको छ।

कांग्रेस नेता श्रेष्ठले स्वास्थ्य जनशक्तिको अभाव हुन नदिन यथाशीघ्र संघ, प्रदेश र स्थानीय तहका समन्वयमा आवश्यक चिकित्सक तथा अन्य स्वास्थ्यकर्मीलाई करारमा भर्ना गर्ने प्रक्रिया अगाडि बढाउन आग्रह गर्नुभएको छ। महामारीको कठिन घडीमा अग्रपंक्तिमा रहेर संक्रमितको उपचार र व्यवस्थापनमा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी, चालक, सफाइकर्मी, राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मीलगायत सबैलाई बीमा तथा जोखिम भत्ताको व्यवस्था तत्काल गर्न माग गरिएको छ।

### *१ हजार ७० ...*

कोरोना संक्रमित थपिएका छन्।

यस्तै उदयपुर र सिन्धुलीमा ९/९ जना, जाजरकोटमा ८, ओखलढुंगामा ७, धनकुटा, भोजपुर र कालिकोटमा ५/५ जना, पाँचथर, सोलुखुम्बु र हुम्लामा ४/४ जना कोरोना संक्रमित थपिएका छन्।

यस्तै तेह्रथुम,सल्यान र दार्चुलामा ३/३ जना, खोटाङ र बझाङमा २/२ जना तथा नवलपरासी पूर्व, मुस्ताङ, रूकुम पूर्व र रूकुम पश्चिममा १/१ जनामा कोरोना संक्रमण पुष्टि भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ।

मन्त्रालयका अनुसार ९ वर्ष मुनिका २२९ बालबालिकामा कोरोना संक्रमण पुष्टि भएको छ भने १० देखि १९ वर्ष उमेर समूहका ५८८ जना कोरोना संक्रमित भेटिएका छन्।

# न्याय क्षेत्रका १ सय ६१ मा कोरोना संक्रमण

काठमाडौँ, २३ वैशाख (रासस)।

कोभिड-१९ को भेरियन्ट विश्वव्यापी रूपमा फैलिरहेका अवस्थामा स्वास्थ्यको मापदण्ड अपनाएर उच्च सतर्कताका बीच पनि न्याय क्षेत्रका २२ न्यायाधीश र १३९ कर्मचारी गरी कूल १६१ जनामा कोरोना संक्रमण भएको छ। सर्वोच्च अदालतका सहप्रवक्ता देवेन्द्र ढकालका अनुसार बुधबारसम्म सर्वोच्च, उच्च र जिल्ला अदालतमा सयभन्दा बढीलाई कोरोना संक्रमण भएको पुष्टि भएको र महामारीकै कारण सबै अदालतमा सेवा कटौती गरिएको छ।

यसअघि नै सर्वोच्च अदालतको पूर्ण बैठकले बन्दीप्रत्यक्षीकरणसम्बन्धी रिट निवेदन तथा कोभिड महामारी, जीवन र जनस्वास्थ्यसँग सम्बन्धित रिट निवेदनको मात्र सुनुवाइ गर्ने निर्णय गरिसकेको छ।

अदालतले सो अवधिमा बन्दीप्रत्यक्षीकरण र कोरोनासँग सम्बन्धित रिट निवेदनबाहेक अरु सुनुवाइ नगर्ने निर्णय गरेको हो। अदालतले कारवाही तथा सेवा प्रवाह स्थगन भएका अवधिका मुद्दा र रिट निवेदनमा रहेका हदम्याद, म्याद र तारेख नगुज्रने जनाएको छ।


कोरोना घटाउन र हटाउन
जनस्वास्थ्यका मापदण्ड पालना गरौँ



मास्क लगाऔँ, साबुनपानीले हात धोऔँ, भौतिक दुरी कायम राखौँ
आफू सुरक्षित रही
अरुलाई पनि सुरक्षित रहन मद्दत गरौँ

तिलाठी कोइलाडी गाउँ
कार्यपालिकाको कार्यालय, सप्तरी

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*